प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

# प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०५/०१ गते

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट चालु आर्थिक वर्ष २०७९/०८० मा तपसिल बमोजिमका स्वीकृत वार्षिक विकास कार्यक्रम कार्यान्वयनका सम्बन्धमा **शिक्षा, विज्ञान प्रविधि, तथा भाषा, संस्कृति र पुरातत्व संरक्षण सम्बन्धी स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०७९** बमोजिम मापदण्डमा उल्लेखित आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशमा वा सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयमा प्रस्ताव सहितको फाइल पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. विद्यालयमा विपद्/महामारी जोखिम न्यूनीकरण
२. निर्मित सामुदायिक शैक्षिक संस्थाहरुको भौतिक संरचनाहरुको मर्मत संभार
३. शहिद पार्क व्यवस्थापन अनुदान
४. विद्यालय एकिकरण समायोजनका लागि प्रोत्साहन अनुदान (विद्यालय र स्थानीय तहसँगको साझेदारिमा यातयातको साधन खरिद)
५. धार्मिक शिक्षा प्रदान गर्ने गुरुकुल, आश्रम, मदरसा, वैकल्पिक विद्यालयहरूलाई अनुदान
६. प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयहरुमा सिक्दै कमाउदै कार्यक्रम सञ्चालन
७. कोभिड-१९ का कारण अभिभावक गुमाएका बालबालिकाहरुको लागि राहत अनुदान
८. सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुलाई स्तरोन्नतीका लागि अनुदान (E-Learning समेत)
९. स्थानीय तह र सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम

यस सम्बन्धी थप जानकारी, प्रस्तावको ढाँचा र प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु मूल्याङ्कनका आधारहरु शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश पोखराको वेभसाइट www.mosd.gandaki.gov.np मा राखिएको आ.व. २०७९/०८० को शिक्षा, संस्कृति तथा विज्ञान प्रविधि सम्बन्धी कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९ बाट प्राप्त गर्न सकिनेछ । मापदण्डमा तोकिए बमोजिमको कागजातहरु पूरा नभएका फायलहरु प्रस्ताव मूल्याङ्कन प्रकृयामा समावेश गरिनेछैन ।

उप सचिव

**प्रदेश सरकार, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश पोखरा**

**<u>प्रस्तावना साथ पेश गर्नुपर्ने कागजातहरु</u>**

**कार्यक्रम : १) विद्यालयमा विपद्/महामारी जोखिम न्यूनीकरण**

**प्रस्ताव साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

क) विद्यालय व्यवस्थापन समितिको निर्णय र माग निवेदन सहितको प्रस्तावपत्र
ख) सम्बन्धित स्थानीय तहको सिफारिस
ग) प्रहरी मूचुल्का
घ) वि.व्य.स.वाट स्वीकृत भएको अनुमानित लागतको विवरण
ङ) जिल्ला वा स्थानीय तह विपद् व्यवस्थापन समितिको निर्णय प्रतिलिपी
च) क्षतिसँग सम्बन्धित फोटोहरुकार्यक्रम सञ्चालनमा स्थानीय तह, प्रदेश सरकार वा अन्य कुनै निकायको बजेट एउटै कार्यक्रममा दोहोरोपना नपर्ने सम्बन्धमा विद्यालयको स्वघोषणा पत्र

**कार्यक्रम : २) निर्मित सामुदायिक शैक्षिक संस्थाहरुको भौतिक संरचनाहरुको मर्मत संभार**

**प्रस्ताव साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

क) अनुसूची - १ बमोजिमको ढाँचामा प्रस्ताव
ख) व्यवस्थापन समिति/सञ्चालक समितिको निर्णय
ग) व्यवस्थापन समितिबाट स्वीकृत भएको लागत अनुमान
घ) स्थानीय तहको सिफारिस
ङ) मर्मत सम्भार गर्ने भवन/कक्षाकोठा, फर्निचर, शौचालय, घेराबार, खानेपानी लगायतको फोटो

**कार्यक्रम : ३) शहिद पार्क व्यवस्थापन अनुदान**

**प्रस्ताव साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

मापदण्डको अनुसूची-१६ मा आधारित रहि प्रस्तावना

**कार्यक्रम : ४) विद्यालय एकिकरण समायोजनका लागि प्रोत्साहन अनुदान (विद्यालय र स्थानीय तहसँगको साझेदारिमा यातयातको साधन खरिद)**

**प्रस्ताव साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

क) विद्यालय व्यवस्थापन समितिको कार्यक्रम माग गर्ने निर्णय प्रतिलिपी
ख) सम्बन्धित स्थानीय तह/विद्यालय/संघसंस्थाको साझेदारीको विवरण खुलेको पत्र
ग) स्थानीय तहबाट प्रमाणित कक्षागत विद्यार्थी सङ्ख्या (माध्यमिक तह सम्मकै)
घ) यस शैक्षिक सत्रमा विद्यालय समायोजन भएको सम्बन्धमा स्थानीय तहको निर्णयको प्रमाणित प्रतिलिपी
ङ) यस शैक्षिक सत्रमा विद्यालय समायोजन/एकीकरणको प्रक्रियामा भएमा सो सम्बन्धी कागजात
च) विद्यालयमा हाल सम्म बस सुविधा नभएको वा बसको सङ्ख्या कम भएको भनी स्थानीय तहको सिफारिस पत्र

**कार्यक्रम : ५) धार्मिक शिक्षा प्रदान गर्ने गुरुकुल, आश्रम, मदरसा, वैकल्पिक विद्यालयहरूलाई अनुदान**

**प्रस्ताव साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

क) मापदण्डको अनुसूची-८ को ढाँचामा प्रस्ताव
ख) व्यवस्थापन समितिको निर्णय
ग) विद्यालय सञ्चालन अनुमति/स्वीकृती पत्रको प्रतिलिपि
घ) कार्यक्रमको आवश्यकता सम्बन्धमा स्थानीय तहबाट सिफारिस (कक्षागत विद्यार्थी संख्या समेत खुलेको)
ङ) अनुमानित खर्च विवरण सहितको मापदण्डमा तोकिए बमोजिमका प्रस्तावित कार्यक्रम (व्यवस्थापन समितिबाट स्वीकृत भएको)

**कार्यक्रम : ६) प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयहरुमा सिक्दै कमाउदै कार्यक्रम सञ्चालन**

**प्रस्ताव साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

क) मापदण्डको अनुसूची-४ को ढाँचामा प्रस्ताव
ख) विद्यालय व्यवस्थापन समितिको कार्यक्रम मागको निर्णय प्रतिलिपी
ग) स्थानीय तहमा सम्बन्धित वस्तु तथा सेवा उत्पादन गर्ने व्यावसायिक फर्महरु पर्याप्त भए नभएको, कार्यक्रम सञ्चालनको सम्भावना, स्थानीय आवश्यकता खुल्ने गरी विश्लेषण सहितको स्थानीय तहको सिफारिस पत्र
घ) सम्बन्धित स्थानीय तहको साझेदारी हुन सक्ने भएमा साझेदारीको विवरण खुलेको सिफारिस पत्र
ङ) कार्यक्रम कार्यान्वयको प्रस्तावनामा उल्लेख भए बमोजिम औचित्य पुष्टि सहितको कार्ययोजना
च) प्रशिक्षक समेतको सहभागितामा लागत अनुमान तयार गरी विद्यालयबाट स्वीकृत भएको लागत अनुमान
छ) विद्यालयको नाममा रहेको जग्गाको जग्गाधनी दर्ता पुर्जा वा भोगाधिकार प्राप्त प्रमाण वा लिजमा प्रयोग गर्ने भए सम्झौतापत्रको प्रतिलिपी

**कार्यक्रम : ७) कोभिड-१९ का कारण अभिभावक गुमाएका बालबालिकाहरुको लागि राहत अनुदान**

**प्रस्ताव साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

क) मापदण्डको अनुसूची -९ अनुसारको निवेदन
ख) बालबालिकाको जन्मदर्ताको प्रतिलिपि
ग) मृतकको पिसिआर वा एण्टिजेन रिपोर्टको प्रतिलिपि
घ) मृतकको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि
ङ) मृतकसँगको नाता खुलेको नाता प्रमाणित प्रतिलिपि
च) स्थानीय तहको संरक्षक खुलेको सिफारिस
छ) संरक्षकको नागरिकताको प्रतिलिपि
ज) अध्ययनरत भए विद्यालयको सिफारिस
झ) बालबालिकाको नाउँमा खोलिएको बैंक खाताको विवरण
ञ) यदि विदेशमा मृत्यु भएको भए सोका कागजातहरु
ट) अस्पतालमा मृत्यु भएको भए मृत्यु प्रमाणपत्र

**कार्यक्रम : ८) सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुलाई स्तरोन्नतीका लागि अनुदान (E-Learning समेत)**

**प्रस्ताव साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

क) मापदण्डको अनुसूची - १० बमोजिमको ढाँचमा प्रस्तावना
ख) स्थानीय तहको सिफारिस पत्र
ग) पुस्तकालय सञ्चालन सम्बन्धी अनुमतिपत्र
घ) पुस्तकालय नवीकरण गरेको पत्र
ङ) पुस्तकालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि
च) पुस्तकालय तथ्याङ्क फाराम (मापदण्डको अनुसूची-११)

**कार्यक्रम : ९) स्थानीय तह र सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम**

**प्रस्ताव साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

क) अनुसूची-१३ बमोजिमको ढाँचामा प्रस्तावना
ख) साक्षर नेपाल अभियानमा कार्यक्रम सञ्चालनमा कार्य गरेको भएमा सो सम्बन्धि प्रष्ट हुने कागजातहरु

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय

ग) वार्षिक कार्ययोजना एवम् साक्षरता कार्यक्रम सञ्चालनको कार्ययोजना

घ) वार्षिक प्रगती प्रतिवेदन

ङ) क्षेत्रगत रुपमा कार्यक्रम सञ्चालन गरेको भएमा सोको विवरण खुल्ने कागजातहरु

च) व्यवस्थापन समिति गठन र बैठक निरन्तरता खुल्ने कागजातहरु

छ) स्थानीय स्रोतको परिचालन गर्ने गरेको भएमा सो सम्बन्धी कागजातहरु

ज) विभिन्न निकायसँग समन्वय र बैठक पुस्तिकाको फोटोकपी

झ) पेशागत समूह गठन/आयआर्जन समूह गठन र परिचालन सम्वन्धी विवरण

ञ) साधारण सभाको नियमितता र नविकरण सम्बन्धी कागजातहरु

ट) लेखापरीक्षण प्रतिवेदनको फोटोकपी

ठ) सामुदायिक पुस्तकालयको स्थापना र प्रयोगको अवस्था झल्कने फोटोहरु

ड) सामुदायिक सिकाइ केन्द्रको प्रोफाइल

ढ) कक्षा सञ्चालनको स्थान र सहभागीको नाम नामेसी

ण) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

उप सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि
तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल